**धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं**
एकअर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एकापसमा भेदभाव नगरौं, धार्मिक–सांस्कृतिक सहिष्णुता कायम राखौं ।
नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज १५ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भेकन बल्नुछ // 2023 October 0 2 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४४

# ज्येष्ठ नागरिकलाई घरमैं राखौं– अर्थमन्त्री डा महत

नरेश यादव, पर्सागढी, १४ असोज/

अर्थमन्त्री डा प्रकाशशरण महतले घर, देश छाडेर बाहिरिने प्रवृत्ति बढेका कारण ज्येष्ठ नागरिकहरू वृद्धाश्रममा बस्नुपरेको बताएका छन् ।


तस्वीरः प्रतीक

३३औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा जीतपुरसिमरा उपमहानगरपालिका–७ मा निर्मित सञ्जीवनी वाटिका वृद्धाश्रम भवनको आइतवार उद्घाटन गर्दै अर्थमन्त्री डा महतले घर छाडेर स्वदेशमैं रोजगारका लागि बाहिरिने अनि विदेश जाने प्रवृत्ति बढेको र त्यहीं घरजम गर्ने गरेका कारण देशका ज्येष्ठ नागरिकहरू वृद्धाश्रममा बस्न बाध्य हुनुपरेको बताए । उनले ज्येष्ठ नागरिकहरूलाई घरमैं राख्ने वातावरण बनाउन सुझाए । उनले ज्येष्ठ नागरिकहरूलाई गरिने सेवाको सिको सन्ततिले गर्ने र आफू बूढो भएको बेला छोराछोरीले सोही सरहको व्यवहार गर्ने बताए । उनले फरक प्रसङ्गमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलभन्दा अघि निजगढ अन्तर्राष्ट्रिय निर्माण नभएकोमा पछूतो गरे ।

पहिले निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्ने थियो भनेर उनले विमानस्थलका लागि बस्ती नै खाली गराउन नपर्ने र रनवेलगायतका प्राविधिक संरचना बनाएर पनि सञ्चालनमा ल्याउन सकिने बताए । उनले विमानस्थल बनाउने हो बस्ती होइन भन्दै त्यहाँ आउने र गन्तव्यतर्फ जानेहरू मात्र हुने हुँदा निजगढ विमानस्थलको काम अगाडि बढाउनै पर्ने जिकिर गरे ।


तस्वीरः प्रतीक


सांसद कृष्ण श्रेष्ठले घरपरिवारमा कष्टकर जीवन बिताउन बाध्य ज्येष्ठ नागरिकहरूलाई वृद्धाश्रममा आएर बस्न सुझाए । सन्तानबाट पीडित ज्येष्ठ नागरिकहरूका लागि सञ्जीवनी मैत्रीपूर्ण भएको बताए । उनले सङ्घ, प्रदेश र स्थानीय सरकारबाट हुने सहयोग गराउने प्रतिबद्धता जाहेर गरे । नेकाका सहमहामन्त्री फर्मुला मन्सुरको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य देवनारायण चौधरी, महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादव, वडाध्यक्ष सुनीलकुमार गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा ज्येष्ठ नागरिक नन्दन अर्याल, छठुप्रसाद यादवलाई अर्थमन्त्री डा महतले दोसल्ला ओढाएर सम्मानित गरेका थिए । कार्यक्रममा स्वागत मधु शाही ठकुरीले र सहजीकरण मेघा शाहीले गरेका थिए ।

**अधिकारबारे ज्येष्ठ नागरिकलाई सचेतना, स्वास्थ्य परीक्षण**

प्रस, वीरगंज/

विश्व ज्येष्ठ नागरिक दिवस आइतवार ज्येष्ठ नागरिक सङ्घ, पर्साले कार्यक्रम आयोजना गरी मनाएको छ ।

वीरगंज महानगरपालिका कार्यालय र सङ्घको संयुक्त आयोजनामा दिवसको अवसरमा ज्येष्ठ नागरिक पार्कमा कानून व्यवसायी रामेश्वर सेढाईले ज्येष्ठ नागरिकहरूको हकमा राज्यले बनाएका कानून र अधिकारका बारेमा जानकारी गराएका थिए । ज्येष्ठ नागरिकहरूलाई राज्यले दिएका अधिकारबारेमा जानकारी हुनुपर्ने मध्यनजर गरी पर्साका ज्येष्ठ नागरिकहरूलाई कानून व्यवसायी सेढाईद्वारा सोबारे जानकारी गराइएको सङ्घका सचिव विनयराज गौतमले बताए ।

यसैगरी, दिवसको अवसरमा पार्कमा ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरिएको थियो । डा रामऔतार खेतान,

(बाँकी अन्तिम पातामा)

# पर्सामा ६५ स्थानबाट असुरक्षित गर्भपतन गराइँदै
# चार स्वास्थ्य संस्थालाई मात्र अधिकार प्राप्त

प्रस, वीरगंज, १४ असोज/

अन्तर्राष्ट्रिय सुरक्षित गर्भपतन दिवसको अवसरमा युवा नामक एक संस्थाले वीरगंजमा आयोजना गरेको समूहगत छलफलमा सहभागी वक्ताहरूले सुरक्षितरूपमा गर्भपतन गर्न प्रेरित गर्नुपर्नेमा जोड दिएका छन् ।


तस्वीरः प्रतीक


ओम हस्पिटल वीरगंजका निर्देशक डा जगतदीप पटेलले वीरगंजमा चारवटा स्वास्थ्य संस्थाले मात्रै सुरक्षित गर्भपतनका लागि कानूनी मान्यताप्राप्त गरेको जानकारी गराए । उनले यसको अलावा जिल्लामा करीब ६५ वटा ठाउँबाट असुरक्षित गर्भपतन भइरहेको भन्दै उनले चिन्ता व्यक्त गरे ।

वीरगंज महानगरपालिका स्वास्थ्य शाखाकी नर्सिङ अधिकृत इन्दिरा लोहनीले सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाउन महानगरले काम गरिरहेको बताइन् । सचेतना जगाउनेदेखि महानगर मातहतका स्वास्थ्य चौकीमा आउनेहरूलाई अनुमतिप्राप्त ठाउँमा जान सल्लाह दिने गरिएको उनले जानकारी गराइन् ।

मेरी स्टोप्स वीरगंजका इन्चार्ज सुरेश ठाकुरले असुरक्षितरूपमा गर्भपतन भइरहेको स्वीकार्दै उनले सुरक्षित गर्भपतन गराउनेको सङ्ख्या बढ्दै गएकामा खुशी व्यक्त गरे । पछिल्लो समय मेरी स्टोप्स सेन्टरमा सेवाग्राहीको चाप बढ्नुले बिस्तारै नागरिक सचेत हुँदै गएको सङ्केतको रूपमा आफूले लिएको उनले बताए ।

सामाजिक कार्यकर्ता पल्लवी हरलालकाले गर्भपतन अझै पनि खुलेर चर्चा गर्ने विषयको रूपमा तराई/मधेसमा स्वीकार भइनसकेको र यो चुनौतीकै रूपमा रहेको बताइन् ।

उनले तराई/मधेसमा यसबारे अझै सामाजिक सचेतना बढाउनुपर्ने सुझाइन् । अर्का सामाजिक कार्यकर्ता सुवास ठाकुरले

(बाँकी अन्तिम पातामा)

## फरार बालकैदी भारतबाट पक्राउ

प्रस, वीरगंज, १४ असोज/

वीरगंज–४ बिर्तास्थित बाल सुधारगृहबाट शुक्रवार बिहान २ बजे भागेका दुईजना बालकैदीलाई आइतवार पर्सा प्रहरीले पक्राउ गरेको छ ।

बाल सुधारगृहबाट सिराहा औरहीका १७ वर्षीय पाण्डे यादव र सर्लाहीका अमरकान्त ठाकुर भागेर भारत पुगेका र प्रहरीले आइतवार दुवैजनालाई भारतबाट पक्राउ गरी ल्याएको हो ।

खोजीका लागि फरार बालकैदीहरूका घरमा प्रहरी परिचालन गरिएको र सोही सूचनाका आधारमा उनीहरू भारतबाट पक्राउ परेका हुन् ।

एकजना पर्सा जिल्लाबाट भारत प्रवेश गरेको र अर्को सिराहाबाट भारत प्रवेश गरेकोमा दुवैलाई आजै पक्राउ गरिएको प्रहरी स्रोतले जनाएको छ ।

# राजासहितको प्रजातन्त्रका लागि आन्दोलन शुरू –अध्यक्ष थापा

प्रस, वीरगंज, १४ असोज/

राजसंस्थासहितको प्रजातन्त्र ल्याउनका लागि तेस्रो जनान्दोलन भइसकेको राप्रपा नेपालका अध्यक्ष कमल थापाले बताएका छन् ।

वीरगंजको बिपी उद्यानमा आइतवार आयोजित आमसभामा अध्यक्ष थापाले सङ्घीयताको नाममा कायम शासन व्यवस्था भ्रष्ट भएको र यसका शासकहरूबाट मुक्तिका लागि राजासहितको प्रजातान्त्रिक व्यवस्था आवश्यक भएको र राप्रपा नेपाल अहिले सोही आन्दोलनमा होमिएको बताए । उनले अहिले नेपाल अभिभावकविहीन अवस्थामा रहेको चर्चा गर्दै अभिभावकविहीन घर जसरी भाँडिन्छ, अनियन्त्रित हुन्छ, त्यसैगरी अहिले नेपाल पनि अभिभावकविहीन अवस्थामा भाँडभैलो मच्चिरहेको आरोप लगाए । उनले नेपालीहरूको अभिभावकत्व राजाले मात्र लिन सक्ने अहिलेको अव्यवस्थाले पनि पुष्टि गरिसकेको बताए ।

अध्यक्ष थापाले ९४ प्रतिशत सनातन परिवार रहेको नेपालमा हिन्दू संस्कृतिमाथि शुरू भएको प्रहार सह्य नहुने चेतावनी दिए । सरकार गम्भीर विषयमा चुप बस्न नमिल्ने भन्दै उनले आवश्यकता परे त्यसको नेतृत्व राप्रपा नेपालले लिने घोषणा गरे ।

राप्रपा नेपाल, पर्साका अध्यक्ष नरेश साहको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष राजीव पराजुली, उपाध्यक्ष तारानाथ लुइँटेल, महामन्त्री राजाराम बर्तौलालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# बाराको पचरौता नपामा भएका दुई हत्याको कारण अनैतिक सम्बन्ध

प्रस, वीरगंज, १४ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले पचरौता नगरपालिकामा हालै भएको दुई हत्याका घटना अनैतिक सम्बन्धका कारण भएको जनाएको छ ।

आइतवार पत्रकार सम्मेलनको आयोजना गरी जिप्रका, बाराले असोज ८ गते पचरौता नपा–१ पिपरपातीमा धारिलो हतियार प्रयोग गरी ३५ वर्षीय अमरेशकुमार सिंह र असोज ९ गते भारतीय नागरिक अजितकुमार सिंहको गोली प्रहार गरी भएको हत्यामा कारक अनैतिक सम्बन्ध रहेको जानकारी गराएको छ ।

बारा प्रहरीद्वारा आयोजित पत्रकार सम्मेलनमा पचरौता नपा–१ पिपरपाती निवासी अमरेशको धारिलो हतियार प्रयोग गरी भएको हत्यामा अनैतिक सम्बन्ध कारण देखाए पनि सो सम्बन्धका बारेमा खुलासा भने गरिएन । घटनामा श्यामलाल महतो मुख्य अभियुक्त रहेका र उनका छोराहरू अवधेश, धनेश, भाइ जागृतसहित राजु साह र भारतीय नागरिक राहुल कानू अभियुक्त रहेको बताइएको थियो ।

असोज ९ गते साँझ सवा ६ बजे पचरौता नपा–६ लक्ष्मीनियास्थित पोखरीनजीक भारतीय नागरिक अजित सिंहको हत्या भने निजकै सहकर्मी सुजितकुमार सिंहले आफ्नी पत्नीसँगको अनैतिक सम्बन्धका कारण गरेको बारा प्रहरीले पत्रकार सम्मेलनमा जानकारी गराएको थियो । अजितले आपराधिक गिरोह चलाउँदै आएको र सो गिरोहमा


तस्वीरः फाइल

सुजित मुख्य सुटर रहेको प्रहरीको दाबी छ ।

प्रहरीले अजित र सुजितले मिलेर तीन वर्षअघि घोडासहनमा सुनपसल लुटेको र सो रकम जग्गा प्लटिङमा लगाएको र पछि बाँडफाँटलाई लिएर विवाद भएपछि अजितको हत्या गरिएको अर्को कारण रहेको दाबी गरेको छ । प्रहरीले दार्पा ग्राम पञ्चायतका उपप्रमुख र वडाध्यक्षका भाइ शिवपूजन यादवको हत्यामा अजित र सुजितको संलग्नताको दाबी गरेको छ ।

यसका साथै पछिल्लो समयमा सुजितको अनैतिक सम्बन्ध अजितकी पत्नी सोनमसँग कायम भएको र गिरोहको नाइके बन्ने मनसाय र अजितकी पत्नीसँगको सम्बन्धलाई कायम राख्ने अभिप्रायले अजितलाई गोली प्रहार गरी हत्या गरिएको बारा प्रहरीको दाबी छ । यो घटनामा गिरोहका मनीष सहनी, चञ्चल पाण्डे, कामेश्वर सहनी र रञ्जीत मुखिया संलग्न रहेको प्रहरीले पत्रकार सम्मेलनमा जानकारी गराएको थियो ।

## विचारसार र सूक्तिहरू

**लक्ष्यप्रति दृढ निश्चय नै सबै उपलब्धिको पहिलो विन्दु हो ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# बिजुली बेच्नेको कुरा

**भारतमा बिजुली निर्यात गर्ने कुरालाई नेपालले बढी प्राथमिकता दिइरहेको छ। भारतपछि चीन, बङ्गलादेशलगायतको पनि कुरा छ। स्वदेशमा भन्दा विदेशमा बिजुली बेचेर व्यापार घाटा कम गर्नेतर्फ मात्रै हाम्रो ध्यान छ। नेपालमा बढी भएको बिजुली भारत निर्यात गर्न शुरू भएको भनेर भनिन्छ । तर विश्व बैंकको तथ्याङ्क अनुसार नेपालको ७० प्रतिशत जनसङ्ख्या मात्रै बिजुलीको पहुँचमा छ । झन्डै एक करोड जनसङ्ख्या अझै पनि टुकीकै सहारामा छ। वञ्चितमध्ये केही प्रतिशतले मिनी सोलार वा फेमिली सोलार प्रणालीसम्म प्रयोग गरेका छन् । त्यसैगरी, अझै धेरै उद्योगले आवश्यकता अनुसारको बिजुली नपाएर विदेशी मुद्रा तिरेर खरीद गरिएको डिजेल प्रयोग गरिरहेका छन्। भर्खरै हेटौंडा सिमेन्टको पनि कुरा आयो । विद्युत् अनियमितताका कारण कोइला जलाउनुपर्ने हुँदा उद्योग घाटामा गइरहेको छ । फेरि पनि हामी भन्दैछौं, "बढी भएको बिजुली भारतमा निर्यात शुरू भएको छ ।"**

**विश्वका अन्य मुलुकका जनताले गर्ने विद्युत् खपतसँग तुलना गर्दा नेपालीहरूले खपत गर्ने बिजुली दर अति कम छ। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए)को तथ्याङ्क अनुसार सबैभन्दा बढी आइसल्यान्डमा प्रतिव्यक्ति औसत ५०,४२० किलोवाट प्रतिघण्टा विद्युत् खपत छ । त्यसपछि नर्वे र लक्जमबर्गमा प्रतिव्यक्ति विद्युत् खपत दर क्रमशः २५,८५० र २५,६०० किलोवाट प्रतिघण्टा छ। हाम्रो मुलुक नेपालमा सन् २०१९ को तथ्याङ्क अनुसार प्रतिव्यक्ति विद्युत् खपत करीब दुई किलोवाट प्रतिघण्टा छ । विश्वव्यापी औसतमा प्रतिव्यक्ति ३,२६० किलोवाट प्रतिघण्टा छ । हामी त विश्वव्यापी औसतभन्दा पनि निकै तल छौं । विश्वको दोस्रो जलस्रोतको धनी भनिएको मुलुकको यो अवस्था लाजमर्दो हो। प्रतिव्यक्ति बिजुली जति बढी खर्च हुन्छ, त्यति नै त्यस मुलुक सम्पन्न छ भन्ने सङ्केत हो । त्यहाँ उद्योग, कलकारखानाहरू चलायमान छन्, उत्पादन निर्बाधरूपमा भइरहेको र रोजगारको मार्ग प्रशस्त रहेको भन्ने बुझ्न सकिन्छ। हाम्रो मुलुकमा कृषिमा सिंचाइ गर्न किसानलाई बिजुली छैन। धन र श्रमसमेत लगाएर हुर्काएको धानबाली पसाउने बेलामा पानी नपाएपछि परालमा परिणत हुँदैछ । विद्युत् खपत बढाउन सकिने क्षेत्रहरू पर्याप्त छन् । आवश्यकता अनुसार विद्युत् उपलब्ध गराउने हो भने हामीसँग हाल उत्पादित बिजुली ७० प्रतिशतलाई होइन कि २५ प्रतिशतलाई पनि पुग्दैन ।**

**बिजुली बेचेर देश धनी हुने हौवाको पछाडि दौडनुभन्दा देशभित्रै बिजुली बढी खपत गराएर आत्मनिर्भर बन्दै देश धनी बनाउनेतर्फ हाम्रो ध्यान जानुपर्छ । विद्युत् उत्पादन औद्योगिकीकरणको एक प्रमुख कदम हो। भरपर्दो र किफायती विद्युत्‌को उपलब्धताले व्यवसायीहरूलाई अझ प्रभावकारीरूपमा सञ्चालन गर्न सक्षम बनाएर आर्थिक वृद्धि गर्नमा मदत गर्छ। स्वदेशी उद्योग फस्टाएमा मुलुक धनी हुने हो । विद्युत्‌को उपलब्धताले देशको अर्थतन्त्रको समग्र प्रतिस्पर्धात्मक क्षमतालाई बढाउँछ। चुनावी भाषणमा भन्ने गरिएको नेपाली जनताको औसत आय पाँच हजार पुऱ्याउने हो भने विद्युत् उत्पादन पनि झन्डै पाँच हजार मेगावाट हुनुपर्छ। मुलुकको कुल क्षमताको तीन प्रतिशत पनि बिजुली उत्पादन भएको छैन । पहिले मुलुकका सबै उपभोक्ता र सम्भावित सबै क्षेत्रमा बिजुली पर्याप्त भए अन्य मुलुकसँगको प्रतिस्पर्धी क्षमतामा हाम्रो उत्पादन बलियो ठहर्छ । त्यसपछि बढी भएको बिजुली मात्रै अन्य मुलुकमा बिक्री गर्ने सोच हुनुपर्छ ।**

# विद्यालय र अभिभावकबीच सहकार्य आवश्यक

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**विद्यार्थीको सिकाइको सन्दर्भमा विद्यालय र अभिभावकको विशेष भूमिका हुन्छ भन्ने कुरा कुनै सन्देह छैन । यी दुवैले आआफ्नै योजना अनुसार चल्नुभन्दा एक आपसमा सहकार्य गरेर विद्यार्थीहरूको विकासमा सकारात्मक योगदान पुऱ्याउन सक्छन् ।**

विद्यार्थीहरूको सिकाइसम्बन्धी उपलब्धिका लागि विद्यालय र अभिभावकबीच सहकार्य हुनु अति आवश्यक छ। विद्यालय र अभिभावक दुवैले एकअर्काको सहयोग लिनुपर्छ भन्ने कुरा बुझेपछि विद्यार्थीहरू सजिलै उच्च उपलब्धि हासिल गर्न सक्छन् । यस कार्यमा सबै परिवारले विद्यार्थीको सिकाइको उद्देश्यमा सघाउन सक्छन् । यसका लागि अभिभावक पढेलेखेकै हुनुपर्छ भन्ने जरूरी छैन । विद्यालयले पनि अभिभावकसँग सहकार्य गर्ने योजना बनाई अग्रसरता देखाउनुपर्छ । अभिभावकको शिक्षामा सहभागिता र उनीहरूसँग सहकार्य गरेर विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ ।

विद्यार्थीहरूको चौतर्फी विकास अभिभावक र विद्यालय दुवैको साझा विषय हो । अभिभावकले आफ्नो बच्चाको शैक्षिक विकासका लागि विद्यालयसँग सहकार्य गर्ने एउटा पाटो हो भने विद्यालयको पाटोबाट हेर्दा आफ्नो प्रभावकारिता बढाउन अभिभावकसँग कसरी सहयोग लिने भन्ने हुन्छ। यसरी एकले अर्कासँग कसरी सहयोग लिने भन्ने चासो दुवैमा हुनुपर्छ। सफल विद्यालयले अभिभावकसँग सहयोग लिन सधैं प्रयत्न गरिरहन्छ भने असफल विद्यालयहरू सधैं अभिभावकप्रति गुनासो गरिरहन्छन् तर प्रयास भने गर्दैनन्। यसरी विद्यार्थीहरूको सिकाइका लागि दुवैबीच सहकार्य हुनु जरूरी देखिन्छ ।

यस सम्बन्धमा गरिएका शोधहरूले विद्यार्थीहरूको समग्र विकासमा अभिभावकको संलग्नता बढी आवश्यक रहेको देखाएको छ, किनभने विद्यालय छनोटदेखि नै अभिभावकको भूमिका महत्त्वपूर्ण रहेको छ । त्यस्तै घरको वातावरण, उनीहरूलाई दिइने प्रोत्साहन र पारिवारिक सहयोगले विद्यार्थीहरूको सिकाइमा महत्त्वपूर्ण भूमिका खेलेको अनुभवले देखाएको छ । एउटा शोधले के देखाएको छ भने विद्यार्थीहरूको सामाजिक-आर्थिक अवस्था केलाउनुपर्छ, किनकि यसबाट सिकाइ उपलब्धिमा फरक पर्छ। विद्यार्थी जस्तो परिवेशबाट आउँछ परिणाम त्यस्तै हुन्छ । यसको अर्थ विद्यार्थीको सिकाइ विकासका लागि तालीम, पाठ्यक्रम र व्यवस्थापनमा सुधारका लागि गरिने प्रयास निरर्थक हो ? यस कारण अन्य अध्ययनले विद्यालयको प्रयासले परिणाममा असर पार्न सक्छ भन्ने कुरो पनि देखाएको छ।

यसर्थ के भन्न सकिन्छ भने पारिवारिक पृष्ठभूमि मात्र हैन, विद्यालयले गर्ने प्रयास, विद्यालयको रणनीति र समयानुसार अभ्यासले पनि विद्यार्थीहरूको सिकाइमा फरक पार्दछ। यस कुरोले कुनै विद्यालय अर्को विद्यालय भन्दा किन सफल छ प्रस्ट हुन्छ। सफल विद्यालयहरूले विद्यार्थीहरूको सिकाइ विकासका लागि के-के गर्छन् भन्ने कुरामा ध्यान केन्द्रित गर्नु आवश्यक हुन्छ। केही अध्ययनले विद्यालयमा गरिएको लगानी, शिक्षकहरूको टीम वर्क, व्यवस्थापनको शैक्षिक सिकाइमा भूमिका, शिक्षक र व्यवस्थापनबीच सम्बन्धजस्ता तत्त्वहरूले विद्यार्थी सिकाइमा योगदान दिएको कुरा प्रस्ट पारेको छ। यी यावत् कुराले विद्यालयको प्राथमिकता निर्धारण गर्दछ र हरेक निर्णयका लागि आधार प्रदान गर्दछ। साथै विद्यालय परिवारका हरेक सदस्यलाई साझा उद्देश्यमा आबद्ध गर्न पनि सहयोग गर्छ ।

सफल विद्यालयको अर्को पहिचान भनेको सुरक्षित र भरपर्दो वातावरण हो, जहाँको मुख्य कार्य पठनपाठन हुन्छ तर बाधा उत्पन्न हुने सम्भावनालाई न्यूनतम हदसम्म सीमित गरिएको हुन्छ। हरेक कार्यका लागि स्वतन्त्रतापूर्वक काम गर्न सक्ने माहौलसहित जिम्मेवारी तोकिएको हुन्छ। पारस्परिक सम्बन्ध र व्यवहारसमेत निर्धारित गरिएको हुन्छ जसले टीम भावनालाई बलियो बनाउँछ। परिणामस्वरूप परस्पर हुने झगडा र बेमेलले गर्दा काममा बाधा पर्ने सम्भावना न्यून हुन्छ ।

सफल विद्यालय यतिकैमा सन्तुष्ट हुँदैन। आफ्ना सबै विद्यार्थी उत्कृष्ट बनून् भन्ने कुरामा प्रयासरत रहन्छ। यसको लागि विद्यार्थी, शिक्षक र अभिभावक सबैलाई थप मेहनत गर्ने प्रेरणा प्रदान गर्छ। विद्यालयले गर्ने यस्ता निर्णयहरूले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सघाउ पुऱ्याउँछ। विद्यालयको प्रभावकारितामा प्रधानाध्यापकको भूमिका पनि त्यतिकै महत्त्वपूर्ण हुन्छ तर प्रधानाध्यापकले काम गर्ने वातावरण बनाउन विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नुपर्छ। विद्यालयहरूमा विद्यार्थीले हासिल गरेको उपलब्धिको निरन्तर मूल्याङ्कन भइराख्नुपर्छ । सफल हुने विद्यालयले विद्यार्थीहरूबारे जानकारी लिन र परिवारमा सिकाइको वातावरण तयार गर्न परिवारसँग कसिलो सम्बन्ध स्थापना गरेको हुन्छ। यसरी परिवारको सहयोग सजिलै अपेक्षाभन्दा बढी प्राप्त हुन्छ ।

विद्यालयमा अभिभावकको संलग्नता र सहयोग विद्यार्थीहरूको विकासका लागि अति महत्त्वपूर्ण हुन्छ। यो लक्ष्य हासिल गर्न विद्यालयहरूले अभिभावक-शिक्षाको लागि पनि प्रयास गर्नुपर्छ । यसको अर्थ उनीहरूलाई छुट्टै कक्षामा राखेर पढाउने नभई विद्यार्थीलाई कसरी हुर्काउने, घरमा कसरी पढ्ने वातावरण उपलब्ध गराउने, विद्यार्थीलाई कसरी सुरक्षित विद्यालय पठाउने र लैजाने आदि कुरामा छलफल गरी अभिभावकहरूलाई सचेत गराउने कामतर्फ विद्यालयले प्रयास गर्नु उचित हुन्छ । यसका लागि सानो समूहमा वा व्यक्तिगत भेटघाट गर्न सकिन्छ ।

विद्यार्थीहरूको सबल र कमजोर पक्ष सम्बन्धमा अभिभावकहरूसँग निरन्तर संवाद भइरहनुपर्छ । अभिभावकहरूसँग नियमित संवाद गर्दा विद्यार्थी केन्द्रित समस्या समाधान गर्न सजिलो हुन्छ भने परिवारको सहयोग पनि प्राप्त हुन्छ । यसको लागि बैठक नै बोलाउनुपर्दैन । विद्यालय र अभिभावकबीच हुने राम्रो सम्बन्धले विद्यालय-शुल्कसम्बन्धी समस्या समाप्त हुन्छ भने विद्यालयको भौतिक वातावरणमा सुधार र स्थानीय सीप सिकाउन स्रोतव्यक्तिको रूपमा समेत अभिभावकलाई प्रयोग गर्न सकिन्छ । यस प्रकारको क्रियाकलापले अभिभावकमा 'यो मेरो विद्यालय हो' भन्ने भावना जागृत हुन्छ। यसले विद्यार्थीहरूमा विद्यालयप्रति सकारात्मक दृष्टिकोण जन्माउँछ र उनीहरूको सिकाइ उपलब्धिमा सुधार हुन्छ।

यस आलेखको चासोको विषय हो विद्यालयले तयार गरेको क्रियाकलापको कार्यान्वयनका साथै विद्यार्थीहरूको समग्र विकास, विशेषगरी, सिकाइमा सहयोग पुऱ्याउन परिवारको तर्फबाट के गर्न सकिन्छ ? यस सम्बन्धमा युनेस्कोले प्रकाशित गरेको एउटा पुस्तिकामा के लेखिएको छ भने "घरमा केटाकेटीसँग सम्बन्ध र उनीहरूसँग गरिने व्यवहार र सिकाइबीच साझा सम्बन्ध हुन्छ।" यसर्थ घर र परिवारले के-कस्तो काम गरेर आफ्नो सन्तानको सिकाइमा सहयोग गरिरहेका छन् त्यो महत्त्वपूर्ण हो । विभिन्न अनुसन्धानलाई केलाउँदै त्यस पुस्तिकामा लेखिएको छ- अभिभावकको भूमिका धेरै छ, तर तिनलाई तीन भागमा बाँड्न सकिन्छ। पहिलो बालबालिकासँग सम्बन्ध र उनीहरूसँग गरिने व्यवहार, दोस्रो परिवारको आशा, अपेक्षा र सुपरिवेक्षणको तरीका र तेस्रो परिवारको दैनिकी ।

पहिलो सम्बन्धलाई सञ्चारको विकासले समेत निर्धारण गर्दछ । यस अन्तर्गत आफ्नो सन्तानको दैनिकीबारे चासो राख्ने, उनीहरूको आवश्यकताबारे संवेदनशील हुने, स्नेह प्रदर्शन गर्नेजस्ता कुराहरू सिकाइभन्दा पनि सामीप्यसँग सम्बन्धित छ तर यसले सिकाइको आधार तयार गर्छ । यसर्थ उनीहरूसँग कुनै पुस्तक, कथा, घटना वा टेलिभिजनमा प्रसारित कार्यक्रमबारे छलफल गर्न सकिन्छ। कहीं घुम्न जाँदा नयाँ कुरा हेर्ने र सिक्ने अवसर दिने, उनीहरूका कुरा चासो लिएर सुन्ने र प्रश्न सोध्ने वा कुनै विषय सिक्न प्रोत्साहित गर्नाले केटाकेटीहरूको आत्मविश्वासमा वृद्धि हुन्छ र उनीहरूमा जिज्ञासु प्रवृत्ति उत्पन्न हुन्छ ।

दोस्रो अन्तर्गत अभिभावकले भन्ने गरेको 'यसले के गर्ला, खै ! जस्ता अभिव्यक्तिले विद्यार्थीको आत्मविश्वास कमजोर पार्छ। यस कारण यस प्रकारको वाक्य उनीहरूसामु प्रयोग गर्नुहुन्न । विद्यालयले दिएको हरेक कामलाई महत्त्वका साथ हेर्नु, चासो राख्नु र सोध्नु जस्ता कामले उनीहरूलाई अझ राम्रो गर्ने प्रेरणा प्रदान गर्छ। उसको साथीबारे चासो राख्ने, के-कस्तो काम गरिरहेको छ भन्ने कुरामा ध्यान पुऱ्याउनाले बाटो बिराउने सम्भावना न्यून हुन्छ । त्यस कारण विद्यालयबाट उसको बानीबेहोरबारे जानकारी लिंदा उसको सफलतामा योगदान गर्न सजिलो हुन्छ ।

तेस्रो महत्त्वपूर्ण कुरा हो-विद्यार्थीहरू परिवारको दैनिकीबाट नै समय पालनाको अनुशासन सिक्ने गर्दछन्। घरको खाने, पढ्ने, सुत्नेलगायत कामको नियमितताले उनीहरूमा सकारात्मक बानी बस्न सहयोग पुग्छ । तोकिएको समयमा हरेक काम गर्ने बानीले अनावश्यक तनावबाट बचाउनुको साथै जिम्मेवारीबोध प्रबल हुन्छ। यस प्रकारको दैनिकीमा रमाइलो गर्ने र फुर्सदको समय कसरी उपयोग गर्ने विषयसमेत पर्दछ । घरमा पढ्नका लागि उपयुक्त वातावरण दिने र पढ्ने समयमा उनीहरूको ध्यान अन्यत्र गइरहेको छ भने स्वयं टेलिभिजन र मोबाइलमा व्यस्त हुने काम छोड्नुपर्छ । यस प्रकारको अभ्यासले गर्दा बच्चाहरूलाई उसको पढाइ परिवारको लागि कति महत्त्वपूर्ण छ भन्ने कुराको बोध हुन्छ । यस कारण परिवारको दैनिकी निर्धारण गर्दा बालबालिकाको आवश्यकताबारे सचेत हुनु जरूरी हुन्छ ।

पारिवारिक सम्बन्ध र घरभित्र गरिने व्यवहार बालबालिकाको विकासका र सिकाइका लागि महत्त्वपूर्ण हुन्छ । यस परिवेशमा विद्यालय र परिवारबीच सहयोग र संवादको विशेष योजना आवश्यक हुन्छ। विद्यार्थीको सिकाइको सन्दर्भमा विद्यालय र अभिभावकको विशेष भूमिका हुन्छ भन्ने कुरा कुनै सन्देह छैन। यी दुवैले आआफ्नै योजना अनुसार चल्नुभन्दा एक आपसमा सहकार्य गरेर विद्यार्थीहरूको विकासमा सकारात्मक योगदान पुऱ्याउन सक्छन् । हाल विद्यालयको तर्फबाट यस प्रकारको प्रयासलाई निरन्तरता दिने खाँचो छ । यसर्थ विद्यालयको तर्फबाट सचेत प्रयत्न हुनैपर्छ । राम्रो विद्यालयको महत्त्वपूर्ण पक्ष भनेकै अभिभावकको सहकार्यलाई महत्त्वपूर्ण ठानेर त्यसका लागि आफैं अग्रसरता लिनु हो छ ।

# सुक्खा बन्दरगाहको मूलगेटमा चक्काजाम शुरू

प्रस, वीरगंज, १४ असोज/

वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाहको मूलगेटमा आइतवारदेखि चक्काजाम गर्दै स्थानीयले धर्ना शुरू गरेका छन् । पूर्वघोषित कार्यक्रम अन्तर्गत वीरगंज-२५ श्रीसियावासीले धर्ना शुरू गरेका हुन् । आइतवार बिहान ९ देखि मध्याह्न १२ बजेसम्म धर्ना दिएका थिए।

२०७३ सालमा नेपाल सरकारले सुक्खा बन्दरगाह विस्तारको लागि श्रीसिया गाउँको ६२ बिघा जग्गा अधिग्रहण गरेको थियो । सोबापत सरकारले तीन अर्ब मुआवजा दिइसकेको छ। अब करीब रु अढाई अर्ब मुआवजा वितरण गर्न बाँकी छ । सरेह खेतको मुआवजा करीब ७१ जनाले पाएका छैनन् भने ९० जना स्थानीय स्ववासीले जग्गाको मुआवजा नपाएको मुआवजा सङ्घर्ष समितिका अध्यक्ष अशोक चौधरीले बताए।

पटकपटक मुआवजाको लागि स्थानीय आन्दोलित हुँदा सरकारले कनिका छरेझैं मुआवजा रकम पठाउने गरेकोले विगत सात वर्षमा मुआवजाको विवाद नसुल्झिएको उनले बताए। अहिले सङ्घर्ष समितिले तीन सूत्रीय माग राख्दै धर्ना शुरू गरेको र सरकार गम्भीर नभएमा हरेक दिन एक/एक घण्टा धर्ना अवधि बढाउँदै जाने र एक सातापछि पूर्णरूपमा सुक्खा बन्दरगाह ठप्प पार्ने आफूहरूको तयारी रहेको अध्यक्ष चौधरीले बताए ।



तस्वीर: प्रतीक

सङ्घर्ष समितिले बक्यौता मुआवजा रकम एकैपटक सरकारले पठाउनुपर्ने, स्ववासी जग्गाको मुआवजा पाउनुपर्ने, अढाई प्रतिशतबाट वृद्धि गरिएको पाँच प्रतिशत लाभकरको रकम सरकारले

(बाँकी चौथो पाताम)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# पाँच वर्षमा सडक दुर्घटनामा १२ हजार ८०० जनाको मृत्यु, ८० हजारजना घाइते

काठमाडौं, १४ असोज/रासस

सवारी व्यवस्थापन र दुर्घटना न्यूनीकरणमा सरोकारवाला तथा आम नागरिकको भूमिका र जिम्मेवारी बोध गराउने उद्देश्यले काठमाडौं



तस्वीरः रासस

महानगरपालिका र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको समन्वयमा आजदेखि 'सडक सुरक्षा तथा ट्राफिक सचेतना सप्ताह–२०८०' शुरू भएको छ।

सवारी चालक, सडक प्रयोगकर्ता तथा आमनागरिकलाई सडक सुरक्षा र दुर्घटना न्यूनीकरण सम्बन्धमा सुसूचित गराउने, सडक अनुशासन र सुरक्षित प्रयोगका सम्बन्धमा सचेत गराउने उद्देश्यका साथ सप्ताह शुरू गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले जानकारी दिए।

उपत्यका केन्द्रित बसाइँसराइ, शहरीकरणबाट भइरहेको जनसङ्ख्या वृद्धि, सवारी चाप, सवारी व्यवस्थापनमा प्रविधिको प्रयोगमा कमी, फूटपाथ अतिक्रमण, सवारी नियम तथा ट्राफिक नियमसम्बन्धी ज्ञानको कमीलगायत कारणबाट काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन जटिल एवं चुनौतीपूर्ण बन्दै गइरहेको छ। अहिले पनि काठमाडौं उपत्यकाको सवारी व्यवस्थापन ट्राफिक प्रहरीको हातको इशाराको भरमा चल्दै आएको छ।

देशभरि ६३ लाख सवारी साधन दर्ता छन्। काठमाडौं उपत्यकामा मात्रै करीब १८ लाख सवारी साधन दर्ता भएको र करीब १४ लाख सवारी दैनिक सडकमा गुड्ने अनुमान गरिएको छ।

पछिल्लो पाँच वर्षमा देशभर १२,८०० को सडक दुर्घटनामा मृत्यु भएको छ भने उपत्यकामा मात्रै हजारभन्दा बढीको मृत्यु भएको ट्राफिक प्रहरीको तथ्याङ्क छ। पाँच वर्षमा सडक दुर्घटनामा परी करीब ८० हजार घाइते भएका छन्।

गत आवमा सवारी दुर्घटनाबाट मुलुकभर २,८८३ आव २०७८/७९ मा २,३७६ आव २०७७/७८ मा २,५०० आव २०७६/७७ मा २,२५१ र आव २०७५/७६ मा २,७८९ जनाको मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ।

उपत्यकामा हाल १,३१३ ट्राफिक दरबन्दी रहेको छ। दरबन्दीभन्दा बढी प्रहरीलाई ट्राफिक व्यवस्थापनमा खटाइएको प्रहरीले जनाएको छ। उपत्यकामा मात्रै १,८२२ ट्राफिक सवारी व्यवस्थापनमा खटिएका छन्।

काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनमा थुप्रै चुनौती आइपरेको उल्लेख गर्दै ट्राफिक प्रमुख पोखरेलले सडक संरचना व्यवस्थित हुन नसक्नु, सवारी साधन अत्यधिक वृद्धिलगायत कारणबाट सडक दुर्घटना बढेको बताए। उपत्यकामा बर्सेनि साना ठूला १० हजार बढी सडक दुर्घटना हुने गरेको छ। सो दुर्घटनामा परी करीब दुई सयको मृत्यु तथा आठ हजार बढी घाइते भएका छन्।

ट्राफिक प्रहरी प्रमुख पोखरेल विशेषगरी दुई पाङ्ग्रे सवारी सधानको चालकको असावधानी तथा लापरवाहीपूर्ण व्यवहार, मादक पदार्थ सेवन गरी सवारी चलाउने, लेन अनुशासन पालना नगर्ने, तीव्र गतिमा सवारी चलाउनेलगायत कारणबाट दुर्घटना बढेको बताउँछन्। "समयानुकूल भौतिक पूर्वाधारमा सुधार नहुनु, सडकको अवस्था र प्रविधिको अभावसमेत दुर्घटनाको कारक बनेको छ"–उनले भने।

प्रमुख पोखरेलले ट्राफिक प्रहरीको एक्लो प्रयासले मात्र ट्राफिक व्यवस्थापन सम्भव नहुने हुँदा सम्पूर्ण सरोकारवाला निकायको सहकार्य एवं जिम्मेवारीपूर्ण भूमिका आवश्यक रहेको बताए।

"सडकमा ट्राफिक प्रहरीको परिश्रम हाम्रै लागि हो भन्ने मनन गरी ट्राफिक नियम र सडक अनुशासन पालना गरी सडक सभ्यताको विकास गर्नु सबैको साझा दायित्व हो"–उनले भने– "सवारी व्यवस्थापन र सहज आवागमनका लागि सबैको हातेमालो र नियम पालना गर्ने प्रतिबद्धताले मात्र दुर्घटनारहित सुरक्षित यात्रा सम्भव छ।"

**ट्राफिक प्रहरी स्थापनाको सात दशक**

नेपालमा विसं २००७ मा स्थापना भएको रामदलबाट ट्राफिक नियन्त्रण कार्य प्रारम्भ भएको थियो। विसं २००९ मा पहिलोपटक 'ट्राफिक पुलिस डिट्याचमेन्ट'को स्थापना गरी तत्कालीन बग्गीखाना हालको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रहेको स्थानमा कार्यालय सञ्चालन गरेको इतिहास छ।

ट्राफिक प्रहरीको व्यवस्थासँगै प्रहरीले सवारी व्यवस्थापन गरी विद्यमान ऐन नियम पालना गराउनुका साथै सवारी नियम उल्लङ्घन गर्नेलाई कारबाईको दायरामा ल्याउँदै आएको छ। सडक दुर्घटना न्यूनीकरण गर्दै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रयासरत छ।

साँघुरा सडक तथा सीमित सडक सञ्जाल, सम्पूर्ण खोला करिडर निर्माण तथा सञ्चालन नहुनु तथा सार्वजनिक यातायात क्षेत्रमा हुने अस्वस्थ प्रतिस्पर्धाले ट्राफिक व्यवस्थामा कठिनाइ पैदा भएको ट्राफिक प्रहरीको भनाइ छ। लेन अनुशासनको उल्लङ्घन, तीव्र गति, ट्राफिक लाइटको बेवास्ता, जथाभावी यात्रु चढाउने–ओराल्ने कार्यले ट्राफिक व्यवस्थापन जटिल बन्दै गएको छ।

मादक पदार्थ तथा लागू औषध सेवन गरेर सवारी चलाउने, पैदल यात्रुले जथाभावी बाटो काट्ने प्रवृत्तिले दुर्घटनाको जोखिम बढेको ट्राफिक प्रहरीको भनाइ छ। दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

ट्राफिक सचेतना सप्ताहमा दरबारमार्गबाट ट्राफिक सचेतनासम्बन्धी प्लेकार्ड बोकेको प्रभातफेरी निकालिएको थियो। प्रभातफेरीमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, गृहसचिव दिनेशकुमार भट्टराई, कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, प्रहरी महानिरीक्षक, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, यातायात व्यवस्था विभागका महानिर्देशक, यातायात व्यवसायी, युवा विद्यार्थी तथा सर्वसाधारणको सहभागिता थियो।



**फुल्न थाल्यो सयपत्री :** सुर्खेतको गुर्भाकोट नगरपालिका-१४ विशालचोकस्थित गुमीमा रहेको कर्णाली ड्रागन फ्रूट फर्ममा दशैं, तिहारलाई लक्षित गरी व्यावसायिकरूपमा गरिएको फूलखेतीमा फुल्न थालेको सयपत्री फूल । तस्वीरः रासस

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता गर्न प्रमको निर्देशन

काठमाडौं, १४ असोज/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पेट्रोलियम पदार्थमा भएको


तस्वीरः फाइल

मूल्यवृद्धि फिर्ता गर्न नेपाल आयल निगमलाई निर्देशन दिएका छन्।

आइतवार बसेको मन्त्रिपरिषद्को बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले प्रधानमन्त्रीले निगमलाई मूल्यवृद्धि फिर्ता लिन निर्देशन दिइसकेको जानकारी दिइन्।

"प्रधानमन्त्रीले नेपाल आयल निगमलाई आजै मूल्यवृद्धिको निर्णय फिर्ता गर्न निर्देशन दिनुभएको छ"–प्रवक्ता शर्माले भनिन्–"निगम स्वचालित मूल्य प्रणालीमा गए पनि चाडबाडको समयमा मूल्यवृद्धिले जनतालाई समस्यामा पार्ने विषयलाई मध्यनजर गर्दै प्रधानमन्त्रीले उक्त निर्देशन दिनुभएको हो।" उनले निगमले साबिककै मूल्य कायम गर्दै आजै सूचना निकाल्ने समेत जानकारी दिइन्।

नेपाल आयल निगमले शनिवार पेट्रोल र डिजलमा प्रतिलिटर रु छ, मट्टितेलमा प्रतिलिटर रु दुई, हवाई इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर रु आठ बढाएको थियो। साथै एलपी ग्याँसमा प्रतिसिलिन्डर रु दुई सय १५ बढाउने निर्णय गरेको थियो।

# नौ महीनामा भित्रिए सात लाख पर्यटक

काठमाडौं, १४ असोज/रासस

सन् २०२३ को नौ महीनामा करीब


तस्वीरः फाइल

सात लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन्।

अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्क अनुसार वर्षको जनवरीदेखि सेप्टेम्बरसम्म हवाई मार्ग भएर छ लाख ९२ हजार ३७२ पर्यटक भित्रिएका हुन्।

पछिल्लो सेप्टेम्बर महीनामा मात्रै ९१ हजार १२ पर्यटकले नेपाल भ्रमण गरेका छन्। अघिल्लो वर्ष सन् २०२२ को सोही अवधिमा ५८ हजार ३१४ पर्यटक नेपाल भित्रिएका थिए। सन् २०१९ मा ९२ हजार ६०४ पर्यटक नेपाल आएका थिए।

नेपालमा पर्यटकीय सिजन शुरू भएकाले अबका दिनमा विदेशी पर्यटक आगमन बढ्ने बोर्डको विश्वास छ। बोर्डका निर्देशक मणिराज लामिछानेले पछिल्ला महीनामा निरन्तर पर्यटक आगमन वृद्धि भइरहेकाले लक्ष्यमा पुग्न सहज हुने बताए।

पछिल्लो पर्यटक आँकडा कोभिड–१९ पूर्वको पर्यटक आगमनको ९० दशमलव २८ प्रतिशत बढी हो। सरकारले सन् २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएको छ।

सेप्टेम्बरमा पनि सबैभन्दा बढी भारतबाट २८ हजार ६४२, चीनबाट आठ हजार १७४, अमेरिकाबाट सात हजार ३६४, बङ्गलादेशबाट तीन हजार ७१६ पर्यटक नेपाल आएका छन्। यस्तै, अस्ट्रेलियाबाट तीन हजार ६८५, संयुक्त अधिराज्यबाट तीन हजार ६४०, श्रीलङ्काबाट तीन हजार ११, जर्मनीबाट दुई हजार ८५२, दक्षिण कोरियाबाट दुई हजार १८ र इजरायलबाट एक हजार ७३४ पर्यटक नेपाल भित्रिएका छन्।

# साउनयता ३४७ फर्मलाई कारबाही

काठमाडौं, १४ असोज/रासस

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गर्ने बजार अनुगमनका क्रममा करीब ९८ प्रतिशत व्यावसायिक फर्ममा कुनै न कुनै किसिमको कैफियत तथा समस्या भेटिएको छ। गत साउनयता विभागले एक हजार १४६ व्यावसायिक फर्ममा अनुगमन गरेकामा २६ वटा मात्रै सामान्य अवस्थामा रहेका भेटिएको जनाएको छ।

चालू आर्थिक वर्ष शुरू भएदेखि असोज १२ गतेसम्ममा एक हजार १४६ व्यावसायिक फर्ममा अनुगमन गरी ३४७ वटालाई कारबाही गरिएको विभागका सूचना अधिकारी आनन्दराज पोखरेलले जानकारी दिए। उनका अनुसार कारबाही गरिएका फर्मलाई रु ९२ लाख २५ हजार मूल्य बराबर जरिवाना गरिएको छ। त्यसैगरी, ३४ फार्मबाट रु एक करोड एक लाख ९० हजार मूल्य बराबरको वस्तु नष्ट गरिएको विभागले जनाएको छ।

३३२ फर्मलाई सुधारका लागि निर्देशन दिइएको र थप अध्ययनका लागि कागजात माग भएको पनि पोखरेलले जानकारी दिए। उनका अनुसार विभागले दैनिक उपभोग्य वस्तु, तरकारी तथा फलफूल, मासुपसल, औषधि, मिठाइ पसल तथा होटललगायत क्षेत्रमा अनुगमन गर्दा तोकिएकोभन्दा चर्को मूल्यमा बिक्री वितरण भइरहेको, न्यून गुणस्तर, लेभल नभएका वस्तु बिक्री गरेको, कृत्रिम अभाव सिर्जना गरेकोलगायतका समस्या देखिएका हुन्।

अहिले विभागले दैनिक औसत ३५ व्यावसायिक फर्ममा अनुगमन गरिरहेको छ। दशैं, तिहारलगायत चाडबाडका बेला उपभोक्ता बढी ठगिने र बजारमा बढी समस्या देखिने भएकाले अनुगमनको सङ्ख्या बढाउन लागिएको विभागले जनाएको छ।

चाडपर्वलाई लक्षित अनुगमनका लागि वाणिज्य विभागको नेतृत्वमा वातावरण, खाद्य प्रविधि तथा गुण नियन्त्रण, गुणस्तर तथा नापतौल, औषधि व्यवस्था र आन्तरिक राजस्व विभाग तथा जिल्ला प्रशासन कार्यालयसँग समन्वयमा गरिरहेको पोखरेलले बताए। उनका अनुसार विभागले एक्लै र संयुक्तरूपमा बजार अनुगमन गर्दै आएको छ।

त्यस्तै, चाडपर्व लक्षित अनुगमनतर्फ आगामी हप्ताबाट थोक विक्रेता, गोदाम र अधिक मूल्यवृद्धि भएका वस्तुको अनुगमनलाई तीव्र बनाउने विभागले जनाएको छ। अवाञ्छित मूल्यवृद्धि, न्यून गुणस्तर तथा कृत्रिम मौज्दातजस्ता सूचना भए पैसा नलाग्ने टेलिफोन नम्बर ११३७ मार्फत जानकारी दिन पनि विभागले अपील गरेको छ।

# डब्ल्युएचओ दक्षिणपूर्वी एशिया निर्देशकमा नेपालको उम्मेदवारी

काठमाडौं, १४ असोज/रासस

सरकारले विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)को दक्षिणपूर्वी एशिया निर्देशकमा नेपालका वरिष्ठ जनस्वास्थ्यविज्ञ डा शम्भुप्रसाद आचार्यलाई उम्मेदवार बनाएको छ।

यही अक्टोबर ३१ (कात्तिक १४) मा हुने निर्वाचनमा बङ्गलादेशका उम्मेदवारसँग नेपालले प्रतिस्पर्धा गर्ने डा आचार्यले आइतवार अपराह्न सञ्चारकर्मीसँग कुरा गर्दै बताए। उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई मतदाता मुलुकलाई नेपालको पक्षमा मतदान गर्न अनुरोधपत्र सम्प्रेषणका निम्ति आग्रह गर्दै आफूलाई देशको प्रतिनिधित्व गर्ने प्रतिस्पर्धामा चयन गरेकामा प्रधानमन्त्रीप्रति हार्दिक आभार व्यक्त गरे।

डा आचार्यले परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, परराष्ट्र मन्त्रालय, जेनेभा र न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि स्थायी नियोगहरूले आवश्यक कूटनीतिक भूमिका निर्वाह गर्नेमा आफू विश्वस्त रहेको बताउँदै २० वर्षपछि नेपाललाई प्राप्त यो अवसरबाट चुक्न नहुनेमा जोड दिए।

दक्षिणपूर्वी एशिया निर्देशक पदमा भारत, मालदिभ्स, इन्डोनेशिया, बङ्गलादेश, थाइल्यान्ड, म्यान्मा, नेपाल, प्रजातान्त्रिक जनगणतन्त्र कोरिया, श्रीलङ्का, टिमोर लिस्ते र भुटानले मतदान गर्नेछन्।

# १५ दिनभित्र अनुदान रकम उपलब्ध गराउन सरकारलाई निर्देशन -संयोजक श्रेष्ठ

प्रस, निजगढ, १४ असोज/

उखुखेती प्रवर्द्धनका लागि नेपाल सरकारबाट पाउने अनुदान रकम १५ दिनभित्र भुक्तानी गर्न संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सरकारलाई निर्देशन दिएको छ।

बारा क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य एवं पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ किसान संयोजक रहेको चिनी उद्योग तथा उखु किसानहरूको समस्या समाधन र सुझाव उपसमितिले दिएको सुझावको आधारमा सरकारलाई समितिले उक्त निर्देशन दिएको जनाइएको छ।

श्रेष्ठ संयोजक रहेको उपसमितिले मूल समितिलाई सात बुँदे प्रारम्भिक प्रतिवेदन मसौदासमेत बुझाएको छ।

उक्त प्रतिवेदनमा चिनी उद्योग र उखु किसानहरूका समस्या पहिचान गर्न समाधानका लागि गरिएका गतिविधिहरू उल्लेख गरिएको जनाएको छ।

गत जेठ ३१ गतेबाट कार्य शुरू गरिएको सो उपसमितिले चारवटा बैठकमा घनीभूत छलफल गरी चिनी उद्योग र उखु किसानहरूको समस्या पहिचान र समाधानका लागि अध्ययन गरी प्रतिवेदन तयार पारेको संयोजक श्रेष्ठले बताए।

"हामीले उखु किसानहरूका समस्याको दीर्घकालीन समाधानका लागि गहिरो ढङ्गले अध्ययन गरेका छौं। उखु किसानहरूले पाउनुपर्ने भनिएको अनुदान रकम समयमैं नपाउँदा किसानहरूलाई मर्का नपरोस् भन्दै १५ दिनभित्र अनुदान रकम भुक्तानी गरिदिन निर्देशन दिएका छौं," संयोजक श्रेष्ठले भने।

उक्त उपसमितिमा सांसद श्रेष्ठसहित प्रतिनिधिसभा सदस्यहरू कान्तिका सेजुवाल, गणेश पराजुली, रामशङ्कर यादव, सूर्यमान तामाङ दोङ रहेका छन्।



कृष्णकुमार श्रेष्ठ। तस्वीरः प्रतीक

# बडादशैं लक्षित पाँच दिने रात्रिबजार लगाउने महानगरको तयारी

प्रस, वीरगंज, १४ असोज/

वीरगंज महानगरपालिका कार्यालयले नयाँ वर्षदेखि शुरू गरेको रात्रिबजार बडादशैंलाई लक्षित गरी लगाउने तयारीमा जुटेको छ।



तस्वीरः प्रतीक

नगरप्रमुख राजेशमान सिंहले आइतवार रात्रिबजार सञ्चालनका लागि विभिन्न घरेलु तथा साना उद्योग, ग्रीन सिटी सामुदायिक सेवा प्रहरी केन्द्र, एनवाइइएफ, वीरगंज साइक्लिङ क्लब, ओमेन्स क्रिएशन र फोरजिआरसँगको समन्वयमा महानगरले बडादशैंलक्षित रात्रिबजार लगाउन लागेको बताएका छन्। उनले नेपालीहरूको महान् पर्व बडादशैंमा पाँच दिन रात्रिबजार लगाउने तयारी थालिएको बताए।

घटस्थापनादेखि पुरानो बसपार्कमा मेला शुरू गरिने र कात्तिक २ गतेसम्म सो मेला सञ्चालन हुने बताए। सो अवधिमा वीरगंज-रक्सौल नाका राति १२ बजेसम्म खुल्ला राख्नका लागि दुवैतर्फका अधिकारीहरूसँग सहमति लिइसकेको उनले बताए। अहिले यो नाका राति १० बजे बन्द हुन्छ। बडादशैंको अवसरमा लाग्ने मेलामा छिमेकी भारत रक्सौलबाट ठूलो सङ्ख्यामा मानिसहरू भित्रिने नगरप्रमुख सिंहले बताए।

बडादशैंलाई लक्षित गरेर आयोजना गरिने मेलामा सर्वसाधारणलाई सहज हुनेगरी सहुलियत दरको पसल सञ्चालन गर्ने तयारी महानगरले गरिरहेको नगरप्रमुख सिंहले बताए। यसका लागि घरेलु तथा साना उद्योगसँग सहकार्य गरिने उनले प्रस्टयाए।

उनले पाँच दिने रात्रिबजारमा दशैंलक्षित खानाका विशेष परिकार, लत्ताकपडा, कस्मेटिक, भाँडाकुँडालगायतका सरसामानका स्टलसहित दैनिक उपभोग्य वस्तुहरूका स्टलसमेत राखिने बताए।

रात्रिबजारमा लगाइने स्टलहरूको बुकिङ खुल्ला गरिएको पनि ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए। आदर्शनगरस्थित पुरानो बसपार्कमा करीब एक सय स्टल लगाउने गरी तयारी गरिएको र प्रतिस्टल दुई हजार शुल्क राखिएको एनवाइइएफ वीरगंजका संस्थापक अध्यक्ष अनुप अग्रवालले बताए। वीरगंज महानगरपालिका कार्यालयले २०७९ चैतको अन्त्यमा नयाँ वर्ष २०८० को अवसरमा रात्रिबजार सञ्चालन शुरू गरेको थियो।

नयाँ वर्षमा तीन दिन रात्रिबजार लगाएको महानगरले त्यसपछि प्रत्येक मासिकको अन्तिम शुक्रवार र शनिवार रात्रिबजार लगाउने घोषणा गरेको थियो। तर असारको अन्तिममा रात्रिबजार सञ्चालनमा अश्लीलता प्रदर्शन भएको भन्दै जनमत पार्टीले शालीनरूपमा रात्रिबजार सञ्चालन गर्न अन्यथा रात्रिबजार बिथोल्ने चेतावनी दिएपछि महानगरले साउन र भदौमा रात्रिबजार लगाएन। जबकि सो समय मौसम प्रतिकूल रहने भन्दै महानगरले रात्रिबजार लाग्न नसकेको कारण दर्शाएको थियो।

## सुक्खा बन्दरगाह ...

फिर्ता गर्नुपर्ने माग स्थानीयको छ। सरकारले जग्गा रोक्का राखी मुआवजाको समस्या समाधान नगर्दा सयौं गाउँले अहिले मर्कामा छन्।

"गाउँलेले जग्गा बेच्न पाएका छैनन्, घर अन्तै बनाउन पाएका छैनन्, बैंकिङ कारोबार गर्न पाएका छैनन्," उनले भने, "हामी यसै पनि मरिरहेका छौं, उसै पनि मरिरहेका छौं, अब अन्तिम निकास चाहियो।" अब सरकारले सरेहको कुल जग्गाको २५ प्रतिशत, स्ववासी जग्गा र घर तथा भौतिक पूर्वाधारको मुआवजा मात्रै दिन बाँकी छ।

गाउँलेको समस्या यथाशीघ्र समाधान गर्नेतर्फ पहल गर्न धर्नामा बसेका वीरगंज-२५ का अध्यक्ष आशुतोष चतुर्वेदीले आग्रह गरे। मुआवजा मागको लागि माथिल्लो निकायमा जानकारी गराइसकिएको र एक हप्ताभित्र समस्या समाधान गर्न पहल गर्ने उनले बताए। भन्सार विभागका महानिर्देशक र अर्थमन्त्रीलाई समेत जानकारी गराएको छु, मुआवजा रकम ल्याउन प्रयास गर्नेछु, उनले भने।

# पूर्णरूपमा हट्यो मलङ्गवामा 'कर्फ्यू'


मलङ्गवा (सर्लाही), १४ असोज/रासस

सर्लाही सदरमुकाम मलङ्गवामा रातिको समयमा जारी 'कर्फ्यू'लाई आइतवारदेखि पूर्णरूपमा हटाइएको छ।

यसअघि असोज ८ गते दिउँसोको कर्फ्यू हटाइएको थियो भने राति ८ बजे बिहान ४ बजेसम्म कर्फ्यू लगाइँदै आएको थियो। आज जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा बसेको सर्वदलीय सर्वपक्षीय समन्वय सहजीकरण बैठकले चार बुँदे निर्णय गर्दै मलङ्गवामा जारी कर्फ्यू आदेशलाई आजदेखि पूर्णरूपमा निष्क्रिय गरिएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए।

प्रजिअ यादवका अनुसार मलङ्गवाको वातावरण सामान्य भएपछि पूर्णरूपमा कर्फ्यू हटाइएको हो। यही असोज ४ गते बिहीवार राति १० बजेदेखि कर्फ्यू आदेश जारी गरिएको थियो। त्यसपछि असोज ८ गतेदेखि दिउँसोको कर्फ्यूलाई हटाइएको थियो भने राति ८ देखि बिहान ४ बजेसम्म कर्फ्यू आदेशलाई निरन्तरता दिँदै आएको थियो।

सर्वदलीय सर्वपक्षीय समन्वय सहजीकरण बैठकले असोज ८ गतेदेखि अर्को आदेश नहुन्जेलसम्मका लागि राति ८ देखि बिहान ४ बजेसम्म जारी गरिँदै आएको कर्फ्यू आदेशलाई आजदेखि निष्क्रिय गर्ने, असोज १८ गतेका दिन उपप्रधानमन्त्री एवं गृहमन्त्रीको समेत उपस्थितिमा मलङ्गवामा बृहत् सद्भाव ऱ्याली आयोजना गर्ने, सदियौंदेखि विभिन्न धर्मावलम्बीबीच कायम रहेको सामाजिक सद्भाव एवं भाइचारा कायम राख्न सबै पक्षले आआफ्नो दायित्व निर्वाह गरी सहयोग गर्ने र श्रीकृष्ण जन्माष्टमी मूर्ति विसर्जनका क्रमदेखि गणेश पूजाको मूर्ति विसर्जनसम्म भएका घटनामा ढुङ्गामुढा एवं छुरा प्रहारलगायतबाट भएका भौतिक तथा घाइतेसमेतको सम्बन्धमा सत्यतथ्य छानबीन गरी दोषीमाथि कारबाही गर्ने र पुगेको क्षतिको मूल्याङ्कन एवं अनुसन्धान यथाशीघ्र जिप्रकाबाट सम्पन्न गर्ने निर्णय गरेको छ।



**रुकुम पश्चिममा अवस्थित बागबजार** : रुकुम पश्चिमको मुसीकोट नगरपालिका-५ मा अवस्थित बागबजार र मध्यपहाडी राजमार्ग सडकखण्ड। तस्वीरः रासस

## फरक समाचार

# छिटो हिंड्दा बढी उमेरसम्म बाँच्न सकिन्छ

विस्तारै हिंड्नुको तुलनामा छिटो हिंड्ने व्यक्ति लामो उमेरसम्म बाँच्ने सम्भावना बढी हुन्छ। नेशनल इन्स्टिट्च्युट फर हेल्थ रिसर्च र लिसेस्टर बायोमेडिकल रिसर्च सेन्टरको नयाँ शोध अनुसार ब्रिस्क वाकर्स अर्थात् तीव्र कदम चाल्ने व्यक्ति तीन मिल प्रतिघण्टाको गतिबाट एक मिनेटमा सय कदम हिंड्छन्। विस्तारै हिंड्ने व्यक्ति एक वा दुई मिल प्रतिघण्टाको गतिले हिंड्छन् र एक मिनेटमा केवल ५० कदम मात्र हिंड्न सक्छन्।



शोधको लागि शोधकर्ताले करीब ४ लाख ७५ जना व्यक्तिको तथ्याङ्क प्रयोग गरेका थिए। यसबाट पत्ता लाग्यो हिंड्ने गति कुनै पनि व्यक्तिको लामो उमेरसँग सम्बन्धित छ र यसमा कम वजन, सामान्य र बढी वजन भएका व्यक्ति पनि सामेल थिए। विस्तारै हिंड्ने कम वजनका व्यक्ति लामो उमेरसम्म बाँच्ने सम्भावना कम रहन्छ– पुरुषमा औसत ६४ वर्ष र महिलामा ७१ वर्षसम्म हुन्छ।

यसभन्दा पहिलेको अध्ययनमा उमेरको सम्बन्ध बडी मास इन्डेक्स र फिजिकल फिटनेश बताइएको थियो। लिसेस्टर युनिभर्सिटीका प्रोफेसर टम येट्स भन्छन्– "हाम्रो रिसर्च व्यक्तिको जीवन प्रत्याशामा वजनको तुलना शारीरिक फिटनेशलाई महत्त्वपूर्ण बताउन मदत गर्छ। अर्को शब्दमा भन्दा अध्ययनबाट यो पत्ता लाग्न सक्छ कि फिजिकल फिटनेस बडी मास इन्डेक्सको तुलनामा उमेर बताउने राम्रो सूचक हुन सक्छ। अध्ययनको माध्यमबाट हामीले यो थाहा पायौं भने छिटो हिंड्ने व्यक्तिको तुलनामा विस्तारै हिंड्ने व्यक्तिमा हृदयघातबाट हुने मृत्युको सम्भावना दुई गुना बढी हुन्छ।" प्रोफेसर येट्सले भने– "हामीले यसको लागि प्रोत्साहित गर्नुपर्छ कि ब्रिस्क वाकबाट उनीहरूको जिन्दगी केही वर्ष बढ्छ। यसकारण यदि विस्तारै हिंड्ने बानी छ भने यसलाई परिवर्तन गर्नुस् किनभने यो स्वास्थ्यको लागि मात्र होइन उमेरको लागि पनि फाइदाजनक हुन्छ।"

# यी जागीरमा अवसादको स्तर बढी पाइन्छ

जागिर खाने व्यक्तिहरूमा कामलाई लिएर तनाव हुनु स्वाभाविक हो। कार्यालयमा कामको समयसीमाले जागीरेहरूलाई तनावबाहेक अरू केही दिंदैन। केही व्यक्ति तलब र पद नबढेको कारण अवसादग्रस्त हुन्छन्। कहिलेकाहीं यो अवसाद (डिप्रेशन) यति धेरै बढ्छ कि व्यक्ति त्यसबाट निस्कनै सक्दैन। यस्ता कैयौं जागीर छन्, जसमा अवसादको स्तर सबैभन्दा बढी पाइएको छ। जानौं ती जागीरबारेः



**प्रशासनिक सेवा**: प्रशासनिक अधिकारी वा सहायकले सधैं व्यक्तिहरूसँग डिल गरिरहनुपर्छ। यी सबै पद उच्च हुन्छन्, जस्तै कुनै कम्पनीको सिइओ, भाइस प्रेसिडेन्ट आदि। यस स्तरका अधिकारीको प्रवृत्ति पनि अवसादजस्तै हुन्छ।

**नर्स**: नर्सको काम निकै तनावपूर्ण हुन्छ। नर्सले बिरामीको ध्यान राख्नुपर्छ, यही नै उसको जिम्मेवारी पनि हो। रोगीलाई समयमा औषधि खुवाउनुलगायत धेरै प्रकारका रेखदेख गर्नुपर्छ। यो एक ऊर्जापूर्ण काम हो, जसमा तनाव र अवसाद जस्तो स्थिति बन्न पुग्छ।

**सामाजिक कार्य**: समाजसेवा पनि निकै तनावपूर्ण हुन्छ। यस काममा विभिन्न प्रकारका व्यक्तिसँग भेटघाट गर्ने, उनीहरूलाई प्रेरित, उत्साहित गर्ने काम गर्नुपर्छ। कैयौंपटक आपराधिक किसिमको व्यक्तिलाई पनि सम्झाउनुपर्छ।

**लेखक**: लेखकको काम दिमागी कसरत गर्नु हो। धेरैपटक लेखकहरू यस्तो कार्य गर्दा उनीहरूको मस्तिष्क नै बन्द हुन्छ र लेखक काम गर्न योग्य रहँदैन।

**चालक**: चालक चाहे त्यो बसको होस् वा प्लेनको, उसको हातमा यात्रीको जिन्दगी अडेको हुन्छ। यस्तोमा चालक प्रायः तनावमा रहन्छन्। चालकले राति गाडी चलाउनुपर्छ, जसबाट उनीहरूमा अवसादजस्तो स्थिति रहन्छ।

# पक्षीको नाकले बताउँछ घरको बाटो

पृथ्वीमा कैयौंप्रकारको जीव पाइन्छ। यिनै जीवमध्ये सबैभन्दा बुद्धिमान मनुष्यलाई मानिन्छ। किनभने मनुष्यमा अन्य जीवको तुलनामा सोचविचार गर्ने क्षमता बढी हुन्छ। मनुष्य एकपटक जुन स्थानमा जान्छ त्यस स्थान र बाटोलाई सजिलै बिर्सिन सक्दैन। तर पक्षीले कसरी बाटो पत्ता लगाउँछ ? एउटा अध्ययन अनुसार पक्षीलाई आफ्नो घरको ठेगाना पत्ता लगाउन नाकले सहायता पुऱ्याउँछ।



अध्ययनमा भनिएको छ पक्षीले एकपटक आफ्नो घरको गन्ध सुँघेपछि उसको मस्तिष्कमो यो गन्ध रक्षित हुन्छ। शोधकर्ताले पक्षीले बाटो पत्ता लगाउन परेवाको प्रयोग गरे। परेवा जब पहिलोपटक घरबाट बाहिर निस्किन्छ तब बाटोको नक्शा आफ्नो दिमागको एउटा कुनामा रक्षित गर्छ। त्यसपछि उसलाई सो बाटो आउनजान सजिलो हुन्छ। यसको साथै भीर, खेत, वरपरको गाउँलाई आफ्नो मस्तिष्कमा सेभ गर्छ। यसको अलावा पक्षीले गन्धबाट घरको पत्ता लगाउन एउटा परेवालाई उसको घरभन्दा केही दूरीसम्म उडाइयो र केही समयसम्म परेवालाई चिडियाघरमा राखियो। त्यसपछि पुनः उसलाई त्यसै स्थानमा छाडियो जहाँबाट ल्याइएको थियो। शोधकर्ताले हेरे परेवा हावाको दिशाको साथ उडिरहेको थियो, तब उसलाई त्यस गन्धसम्म लग्यो। यसबाट सिद्ध हुन्छ पक्षी आफ्नो नाकको मदतबाट घर खोज्न सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# माल्दिभ्सको राष्ट्रपतिमा मोहम्मद मुइज्जु निर्वाचित

नयाँ दिल्ली, १४ असोज/एएनआई

माल्दिभ्सको राष्ट्रपतिमा ४५ वर्षीय मोहम्मद मुइज्जु निर्वाचित भएका छन्।



तस्वीरः एएनआई

बहालवाला राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहलाई हराउँदै मुइज्जु निर्वाचित भएका हुन्।

माल्दिभ्सको प्रोग्रेसिभ पार्टी अफ माल्दिभ्स (पिपिएम) का उम्मेदवार मोहम्मद मुइज्जुले शनिवार भएको निर्वाचनमा सोलिहलाई पराजित गरेका हुन्। पहिलो चरणमा कुनै पनि उम्मेदवारले स्पष्ट जित हासिल नगरेपछि दोस्रो चरणको मतदानमा उनले जित हात पारेका हुन्। उनले ५३ प्रतिशत मत प्राप्त गरे।

लोकतन्त्र सुदृढ भइ नसकेको हिन्द महासागरको टापू राष्ट्र माल्दिभ्सले चीनसँग नयाँ र भारतसँगको परम्परागत सम्बन्धलाई अब कसरी अघि बढाउँछ भन्नेमा धेरैको चासो बढेको छ। राजनीतिक विश्लेषकहरूले नवनिर्वाचित राष्ट्रपति मोहम्मद मुइज्जुको कूटनीतिक परीक्षण हुने बताएका छन्।

नेता मुइज्जु चिनियाँ ऋण स्वागत गर्ने र यस अघि सत्तामा हुँदा विपक्षीमाथि दमन गर्ने व्यक्तिका रूपमा परिचित छन्।

देशको राष्ट्रपति निर्वाचित भएपछि आफ्नो पार्टीको मुख्यालयमा मन्तव्य व्यक्त गर्दै उनले आफूलाई मतदान गर्ने सबैप्रति कृतज्ञता ज्ञापन गरेका छन्। राष्ट्रपति निर्वाचित मुइज्जुले भ्रष्टाचारको आरोपमा ११ वर्ष जेल सजाय भोगिरहेका पूर्वराष्ट्रपति अब्दुल्ला यामीनलाई रिहा गर्न सरकारलाई आग्रह गरे।

मुइज्जु हाल राजधानी मालेको नगरप्रमुख हुन्। उनले बेलायतको युनिभर्सिटी अफ लिड्सबाट सिभिल इन्जिनीयरिङमा विद्यावारिधि गरेका छन्।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रपतिमा मुइज्जु विजयी भएकोमा बधाई दिएका छन्। "माल्दिभ्सको राष्ट्रपतिमा मोहम्मद मुइज्जु निर्वाचित भएकोमा उनलाई बधाई एवं शुभकामना। भारत–माल्दिभ्स द्विपक्षीय सम्बन्धलाई बलियो बनाउन तथा हिन्द महासागर क्षेत्रमा समग्र सहयोग अभिवृद्धि गर्न भारत प्रतिबद्ध छ"–उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्। रासस

# युरोप प्रवेश गर्न खोज्ने छ सय आप्रवासी शरणार्थी सेनेगलमा रोकिए

डकार, सेनेगल, १४ असोज/एएफपी

सेनेगलको नौसेनाले तीन दिनमा युरोप जाने ६०० भन्दा बढी आप्रवासीलाई देशको तटीय क्षेत्रमा रोकेको छ।

नौसेनाले सामाजिक सञ्जालमा जानकारी गराए अनुसार शनिवार आफ्नो एउटा गस्ती डुङ्गाले २६ महिला र १३ नाबालकसहित २६२ यात्रु बोकेका दुईवटा डुङ्गा नियन्त्रणमा लिएको छ।

नौसेनाले शुक्रवार २७२ र एक दिनअघि ७१ यात्रु बोकेको डुङ्गा रोकेपछि शनिवारको आँकडाले तीन दिनमा कुल ६०५ जनाको मृत्यु भएको छ।

सेनेगलको नौसेनाले हालैका हप्ताहरूमा अवैध आप्रवासीहरूलाई लक्षित गरी बोर्डिङ र उद्धार कार्यलाई तीव्र बनाएको छ।

सेनेगलले जुलाई १ देखि हालसम्म एक हजार ९५५ आप्रवासीलाई रोकेको सामाजिक सञ्जालमा प्रकाशित जानकारीमा उल्लेख छ।

जुलाईको अन्त्यमा सेनेगलको सरकारले पश्चिम अफ्रिकी देशबाट अनियमित आप्रवासनलाई घरेलु र बाह्य वित्तपोषणको साथ सामना गर्न १० वर्षको योजना प्रस्तुत गरेको थियो।

पाँच खम्बे योजनामा सीमा व्यवस्थापन र तस्करहरूविरुद्ध कानून प्रवर्तन उपायहरू सुदृढ पार्ने र सेनेगलमा आप्रवासीहरूलाई स्वदेश फर्काउन र पुनः एकीकृत गर्न मदत पुऱ्याउने समावेश छ।

राम्रो जीवनको आशामा सयौं अफ्रिकी यात्राको क्रममा ज्यान जाने जोखिमको बावजूद हरेक वर्ष एटलान्टिक क्षेत्र पार गरेर युरोप पुग्ने प्रयास गर्छन्।

उनीहरू सामान्य डुङ्गा वा तस्करहरूले उपलब्ध गराएको मोटरचालित डुङ्गामा क्यानरी, स्पेनी द्वीपसमूह र युरोपको प्रवेशद्वारमा रहेका धेरै भूमि लक्ष्य बनाएर यात्रा गर्छन्।

स्पेनको गृह मन्त्रालयका अनुसार जनवरी १ देखि अगस्त ३१ को बीचमा यी टापुहरूमा एघार हजार ४३९ जना आप्रवासी आगमन भएका छन्, जुन सन् २०२२ को सोही अवधिको तुलनामा ७.५ प्रतिशतले बढी हो।

यो अवधिमा भएको वृद्धि सन् २०१८ पछि अहिलेसम्मकै सबैभन्दा बढी र सम्भवतः सन् २००६ यताकै सबैभन्दा बढी हो।

सन् २०२३ को शुरूदेखि अहिलेसम्म १४० आप्रवासीको मृत्यु भएको वा बेपत्ता भएको अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम)ले सेप्टेम्बरको शुरूमा प्राप्त गरेको तथ्याङ्कले देखाएको छ। रासस

# दिल्लीस्थित अफगानी दूतावास बन्द

नयाँ दिल्ली, १४ असोज/एएनआई

नयाँ दिल्लीस्थित अफगान दूतावास बन्द भएको छ। अफगानिस्तानको हितमा दूतावास बन्द गरिएको शनिवार राति जारी विज्ञप्तिमा जनाइएको छ।

दूतावासले जारी गरेको विज्ञप्तिमा "भारत सरकारको असहयोग, दिल्लीमा अफगानिस्तानको राष्ट्रिय स्वार्थ भारतमा प्रवर्द्धन गर्न अक्षम तथा कर्मचारी एवं अन्य आवश्यक स्रोतको अभावमा दूतावास बन्द गर्नुपरेको," उल्लेख छ।

भारतले अफगानिस्तानको तालिबान सरकारलाई मान्यता दिएको छैन। त्यहाँ तालिबान सरकार सत्तामा फर्केपछि भारत सरकारले आफ्नो कूटनीतिक उपस्थिति निलम्बन गरेको छ। जून २०२२ मा नयाँ दिल्लीले अफगानिस्तानको राजधानीमा भारतीय मानवीय सहायता समन्वय गर्न एउटा प्राविधिक टोलीमात्र परिचालन गरेको छ।

यही असोज ८ गते भारतीय विदेश मन्त्रालयलाई पत्र पठाउँदै अफगानिस्तानको राजदूतावासले भारत सरकारबाट कूटनीतिक व्यवहार र संरचनागत सहयोगको अभावमा दूतावास बन्द हुने जानकारी दिएको थियो। रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – अलमल |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – व्यापारवृद्धि |
| तुला – शत्रुपराजय | वृश्चिक – ज्ञानोदय |
| धनु – भयचिन्ता | मकर – राज्यलाभ |
| कुम्भ – अतिथिआगमन | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# सालको गोलियासहित दुईजना महिला पक्राउ

प्रस, निजगढ, १४ असोज/

कोल्हवी सबडिभिजन कार्यालय अन्तर्गतको वन क्षेत्रबाट साइकलमा सालको गोलिया लिएर आउँदै गर्दा दुईजना महिला पक्राउ परेका छन्।


काठ चोरी तस्करीमा पक्राउ परेकी दुई महिला। तस्वीरः प्रतीक

पक्राउ पर्नेमा कोल्हवी नगरपालिका–७ बस्ने इन्दिरा कुमाल मुखिया र सोही ठाउँकी निर्मला मुखिया बिन रहेको डिभिजन वन कार्यालय सिमरा, बाराले जनाएको छ।

उनीहरूसहित १०/१२ जनाको समूहले कोल्हवीको सपही वन क्षेत्रबाट हरियो र सुकेको गरी छ थान सालको गोलिया छवटा साइकलमा ल्याउँदै गर्दा शनिवार बिहान करीब ३:३० बजे अमवा मठनजीकैको इँटाभट्टा आसपासबाट नियन्त्रणमा लिएको कोल्हवी सबडिभिजन कार्यालय बाराका इन्चार्ज अब्दुल करिमले जानकारी दिए।

बरामद गोलिया २६.२५ क्यूफिट रहेको र हालको बजार मूल्य अनुसार एक लाखभन्दा बढी रहेको छ।

पक्राउ परेका महिलालाई डिभिजन वन कार्यालय, बाराको आदेशमा इलाका प्रहरी कार्यालय, सिमराको थुनुवा कोठामा राखेर आवश्यक अनुसन्धान भइरहेको सहायक वन अधिकृत एवं प्रवक्ता जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए। फरार अभियुक्तहरूको खोजी कार्य भइरहेको वन कार्यालयले जनाएको छ।

# महिलाद्वारा सञ्चालित सगरमाथा सहकारीको साधारणसभा

प्रस, पर्सागढी, १४ असोज/

जीतपुरसिमरा उपमहानगरपालिका–७ रामटोलस्थित सगरमाथा महिला बचत



तस्वीरः प्रतीक

तथा ऋण सहकारी संस्थाले १६औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ।

सुशील शर्माको अध्यक्षतामा भएको साधारणसभाको वडाध्यक्ष सुनीलकुमार गुप्ताले उद्घाटन गरेका थिए। उनले संस्था पूर्णरूपमा महिलाबाटै सञ्चालन हुँदै आएकामा प्रशंसा गरे। उनले महिलाहरूबाट सञ्चालित सगरमाथा सहकारी बारा जिल्लाकै लागि गौरवको विषय भएको बताए। उनले महिलाहरूमा यो सहकारीमार्फत जागरण, परिवर्तनको सन्देश प्रवाह भएको बताए। उनले महिलाहरू घरका साथै बाहिरी काममा पनि अब्बल छन् भन्ने सगरमाथामा आबद्ध महिलाले उदाहरण पेश गरेको बताए।

कार्यक्रममा संस्थाको आर्थिक प्रतिवेदन अध्यक्ष सुशीला शर्माले प्रस्तुत गरेकी थिइन्। कार्यक्रममा उत्कृष्ट ऋणी, बचतकर्ताका साथै बकुलिया माविमा कक्षा १२ की लक्ष्मी चौधरी र कक्षा ११ मा अध्ययनरत रुचि चौरसियालाई नगद, प्रशंसापत्रबाट सम्मानित गरिएको थियो। कार्यक्रममा वडासदस्य सीता उप्रेती, महमद नुरुल्लाह अन्सारी, ललिता देवी, नवीन मैनाली, ब्रह्मकुमारी राजयोग उपसेवा केन्द्र जीतपुरकी प्रमुख रेणु दिदीलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत मन्तव्य कुन्ती चौधरीले र सहजीकरण देवी सापकोटाले गरेका थिए।

साधारणसभाको बन्दसत्रले शर्माकै अध्यक्षतामा नयाँ कार्यसमिति बनाएको छ। सो कार्यसमितिको उपाध्यक्ष उषा अधिकारी पौडेल, सचिव कुन्ती चौधरी, कोषाध्यक्ष गोमा बर्तौला र सदस्य चन्देश्वरी चौधरीलगायत छन्।

# पर्सा काङ्ग्रेसलाई थप मजबूत बनाउँछु –रूँगटा

प्रस, वीरगंज, १४ असोज/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अनिल रूँगटाले पर्सा जिल्लामा नेकालाई



थप मजबूत बनाउने बताएका छन्।

हालै केन्द्रीय सदस्यमा मनोनीत उनको स्वागत सम्मानमा आइतवार वीरगंज महानगर–३१ मा नेका बुथ कमिटीले आयोजना गरेको कार्यक्रममा उनले आगामी दिनमा जिल्लामा नेकालाई एकजुट बनाउने र आगामी चुनावमा हालभन्दा बढी जीत हासिल गर्ने दाबी गरे।

वीरगंज महानगरका उपप्रमुख

(बाँकी अन्तिम पातामा)

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय
पर्सा, वीरगंज

मालपोत कार्यालय पर्साको हकदाबीसम्बन्धी ३५ (पैंतीस)दिने सार्वजनिक सूचना

यसमा जिल्ला पर्सा जगरनाथपुर गाउँपालिकाको चनं १२६ मिति २०८०/५/१९ पत्र अनुसार नदीको नाम कायम रहेको जिल्ला पर्सा गाविस बिजबनिया वडा नं २ किनं ६२ जवि ३–१८–० मध्ये सडकपुलको दक्षिण तथा बाँधको पश्चिमतर्फबाट ०–१०–० जग्गा आधारभूत १५ शय्या अस्पताल निर्माणको लागि सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति २०७९ अनुसार उपयोगको लागि माग भई आएकोमा उल्लिखित जग्गा श्रेस्ता जीर्ण भई च्यातिएको, मोठ फेला नपरेको, मोठबाट लेखिआएकामा जग्गाको श्रेस्ता नदीको नामबाट नेपाल सरकारको नाममा कायम गरी जिल्ला पर्सा गाविस बिजबनिया वडा नं २ किनं ६२ जवि ३–१८–० मध्ये सडकपुलको दक्षिण तथा बाँधको पश्चिमतर्फबाट ०–१०–० जग्गा आधारभुत १५ शय्या अस्पताल निर्माणको लागि सरकारी जग्गा दर्ता, उपयोग र लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति २०७९ अनुसार उपयोगको लागि दिनुपर्ने भएकोले मागबमोजिम श्रेस्ता कायम गरी आधारभूत १५ शय्या अस्पताल निर्माणको लागि सरकारी जग्गा दर्ता उपयोग गरे अन्यलाई असर पर्ने वा नपर्ने भए हकदाबी गर्न आउने भन्नेबारे यस कार्यालयको मिति २०८०।०६।१० को आदेश अनुसार हकदाबीको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

जिल्ला पर्सा जगरनाथपुर गाउँपालिकाको चनं १२६ मिति २०८०/५/१९ को पत्र अनुसार माग दर्ता भएको तपसिलको जग्गा कित्तामा अरू कोही कसैको हकदाबी लाग्ने पुग्ने भए वा सो जग्गाको श्रेस्ता कायम गरी आधारभूत १५ शय्या अस्पताल निर्माणको लागि सरकारी जग्गा दर्ता उपयोगको लागि उपयुक्त नभए अन्यलाई असर पर्ने भए वा नभए कारण भए यो सूचना प्रकाशन भएको मितिदेखि बाटोको म्यादबाहेक ३५ दिनभित्र आफ्नो सबुत प्रमाणसहित आफू रीतपूर्वकको वारेसमार्फत उजूर दाबी गर्न आउनुहोला। म्यादभित्र उजुर दाबी नपरे कानून बमोजिम हुने बेहोरासाथ सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

| जिल्ला | गाविस | वडा नं | किनं | जवि | दर्तावाला |
|---|---|---|---|---|---|
| पर्सा | बिजबनिया | २ | ६२ | ३–१८–० मध्ये सडकपुलको दक्षिण तथा बाँधको पश्चिमतर्फबाट ०–१०–० | नदीको नामदर्ता फिल्डबुक अनुसार |

# लालपुर्जाविहीन झबराहावासीहरू घरेलु मदिराबाट जीविकोपार्जन गर्दै


तस्वीरः प्रतीक

प्रस, पर्सागढी, १४ असोज/

पर्सा जिल्लाको सबैभन्दा बढी अवैध घरेलु मदिरा उत्पादन हुने ठाउँमा पर्सागढी नगरपालिका–३ झबराहा पर्छ। झबराहामा मात्र साढे तीन सयभन्दा बढी परिवार अवैध मदिरा उत्पादनमा संलग्न छन्।

सयजनाको हाराहारीमा थप घरेलु मदिरा उत्पादन गर्नेहरू भने आफूलाई खानको लागि प्रयोग गर्छन्। बाँकी साढे तीन सय परिवारको चुलो ४० वर्षदेखि अवैध घरेलु मदिरा उत्पादनबाट बलिरहेको छ। झबराहामा रहेका साढे चार परिवारजति अहिलेसम्म जग्गाविहीन छन्। उनीहरूले जङ्गलको जग्गामा बसोबास र खेती गरेका छन् तर लामो समय बितिसक्दा पनि उनीहरूको नाममा लालपुर्जा बनिसकेको छैन।

स्थानीय एकजनाले लालपुर्जा नबनेको र अन्य व्यवसायका लागि घरजग्गा धितो राख्न नसकेको कारण बाध्य भएर मदिरा उत्पादन गरेर जीविकोपार्जन गर्नुपरेको बताए। उनले वडा र नगरपालिकाले पछिल्लो समयमा सीपमूलक तालीम प्रदान गरे पनि सोको लागि आवश्यक आर्थिक सहयोग उपलब्ध नगराएको र बैंक र लघुवित्तहरूले पनि विनाधितो कर्जा नदिने गरेकाले लालपुर्जाको अभावमा अहिलेसम्म अवैध घरेलु मदिरा उत्पादन गर्नुपर्ने बाध्यता रहेको बताए। झबराहामा उत्पादित मदिरा बाराको परवानीपुर, जीतपुर, सिमरा, पर्सा जिल्लाका डोकैला बहुअरी, पर्सागढी, वीरगंज र भारतको मोतीहारीसम्म पुऱ्याउने गरिन्छ।

वडाध्यक्ष सुकमान तामाङले अवैध घरेलु मदिराविरुद्ध प्रहरी कारबाईमा आफूहरूले सघाउँदै आएको बताए। उनले स्थानीयहरूको आयका अन्य कुनै विकल्प नभएकाले पहिलो कार्य लालपुर्जा वितरण गरेको खण्डमा यो विकृतिबाट राहत मिल्न सक्ने बताए।

पर्सागढीबाहेक जीराभवानी गापा–५ शङ्करसरैया, हरैया, सखुवाप्रसौनी गापाको महुवन, धोबिनी गापाको आसवारी, पटेर्वासुगौली गापाको रङ्गपुर, पटेर्वाटोलमा अत्यधिक घरेलु मदिरा उत्पादन हुने गरेको छ।

यहाँ उत्पादित मदिरा वीरगंज महानगर, बाराको जीतपुर र छिमेकी भारतसम्म पुग्ने गरेको छ। खासगरी भारत, बिहारमा मदिरा निषेध भएकोले पर्सा जिल्लाका विभिन्न स्थानमा घरेलु मदिराको उत्पादन बढेको छ।

जिल्ला प्रहरी कार्यालय, पर्साले अवैध घरेलु मदिरा नियन्त्रणको विषयमा यसअघि अभियान चलाए पनि एक वर्षदेखि यसविरुद्धको अभियान भने चलाएको छैन।

यस्तै, वीरगंज महानगर–३१ बसडिलवा, ३२ बेलवा, पटेर्वासुगौली गापा–२ बैधनाथपुर, थरघट्टी, चापी, बङ्कुल, बेलवा, वडा नं ५ पटेर्वा, भतौडा, निचुटा, मोरटोल, जीराभवानी गापा–५ हरैया, वडा नं १ को महादेवपट्टि, वडा नं ३ पाँडेपुर, धोबिनी गापाको आसवारी, बहुदरमाई नगरपालिकाको डोकैला बहुअरी, गम्हरिया, पोखरिया नगरपालिका र ठोरी गापामा पनि ठूलो परिमाणमा अवैध घरेलु मदिरा उत्पादन हुने गरेको छ।

जीराभवानी गापाको शङ्करसरैयामा मेशीनबाट अवैध घरेलु मदिरा उत्पादन हुने गर्छ। केही वर्षअघि सो ठाउँमा छापा मार्दा मेशीनबाट घरेलु मदिरा उत्पादनको घटना सार्वजनिक भएको थियो।

प्रहरीले घरेलु मदिरा उत्पादनविरुद्ध अभियान सञ्चालन नगर्दा घरेलु मदिरा उत्पादन गर्ने क्रम बढेको छ। घरेलु मदिरा साइकल, मोटरसाइकल, यात्रीवाहक बस र बालुवा, गिट्टी ढुवानी गर्ने ट्याक्टरमा राखेर गन्तव्यसम्म पुऱ्याइने गरिएको छ।

### पर्सा काङ्ग्रेसलाई थप ...

इम्तियाज आलमले केन्द्रीय सदस्यमा मनोनीत भएकोमा रूँगटालाई बधाई ज्ञापन गर्दै रूँगटा समाजसेवी र विकास प्रेमी भएको बताए। पूर्ववडाध्यक्ष चुमन चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा नेका पर्साका उपसभापति रामनारायण कुर्मी, नेपाल मुस्लिम सङ्घ पर्साका अध्यक्ष हबिब मियाँ, नेकाका अनिल सिंह, नेविसङ्घका केन्द्रीय सदस्य सुरेन्द्र लामिछाने, रामनिवास यादव, धर्मराज यादवलगायतको सहभागिता थियो।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## अभिनाशको कीर्तिमानी छ विकेटसँगै नेपाल क्वार्टरफाइनलमा

काठमाडौं, १४ असोज/रासस

तीव्र गतिका बलर अभिनाश बोहराले कीर्तिमानी छ विकेट लिएसँगै नेपाल १९औं एशियाली खेलकूद प्रतियोगिता अन्तर्गत पुरुष क्रिकेट प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ।



तस्वीर सौजन्यः क्यान

नेपालले माल्दिभ्सलाई १३८ रनले पराजित गरेको हो। नेपालले अब समूह 'ए'को विजेताका रूपमा क्वार्टरफाइनलमा भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र अफगानिस्तानमध्ये एउटासँग खेल्नेछ।

चीनको हाङ्झाउमा आइतवार टस जितेर नेपालले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेट गुमाएर २१२ रन बनाएको थियो। २१३ रनको विजय लक्ष्य पछ्याउने क्रममा माल्दिभ्सको पारी १९ दशमलव चार ओभरमा मात्र ७४ रनमा समेटियो।

यस क्रममा नेपालका तीव्र गतिका बलर अभिनाश बोहराले कीर्तिमानी छ विकेट लिए। उनले तीन दशमलव चार ओभर बलिङ गर्दै मात्र ११ रन खर्चे। टी–२० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा छ विकेट लिने बोहोरा पहिलो नेपाली बलर हुन्। यसअघि टी–२० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपालका लागि सन्दीप लामिछाने र करण केसीले समान पाँच/पाँच विकेट लिएका थिए।

आज नेपालका लागि सोमपाल कामी, सन्दीप लामिछाने, गुलशन झा र कुशल भुर्तेलले समान एक/एक विकेट लिए। माल्दिभ्सका लागि ब्याटिङ गर्ने क्रममा मुएवियाथ अब्दुल घानीले ३४ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ३६ रन बनाए। यस्तै, राशिद राशमले १२ तथा सिउस फरिदले १० रन बनाए।

यसअघि नेपालका कप्तान रोहितकुमार पौडेलले २७ बलमा तीन चौका र तीन छक्कासहित सर्वाधिक ५२ रनको अर्धशतकीय पारी खेले। यस्तै, कुशल मल्लले २० बलमा तीन चौका र तीन छक्कासहित अविजित ४७ रन बनाए। कुशल भुर्तेलले १८ बलमा पाँच चौका र एक छक्कासहित ३५ रन, गुलशन झाले २१ बलमा एक चौका र तीन छक्कासहित ३५ रन तथा विनोद भण्डारीले १५ बलमा एक चौकासहित १३ रन बनाए।

बलिङतर्फ माल्दिभ्सका बदिउ इस्माइल नाजवानले तीन विकेट लिए। नेपालले यसअघि पहिलो खेलमा मङ्गोलियालाई २७३ रनअन्तरले पराजित गरेको थियो। समूह 'ए'बाट अपराजित रहँदै नेपालले क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको हो। समूह 'ए'मा रहेका मङ्गोलिया र माल्दिभ्स प्रतियोगिताबाट बाहिरिएका छन्।

पाँच टेस्ट मुलुक भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र अफगानिस्तानले सोझै क्वार्टरफाइनलमा मौका पाएका छन्। समूह 'बी'बाट हङकङ क्वार्टरफाइनलमा प्रवेश गरेको छ भने समूह 'सी'बाट क्वार्टरफाइनलमा प्रवेश गर्ने टोलीको टुङ्गो लागेको छैन।

## अन्तर नगरपालिका राष्ट्रिय क्रस कन्ट्री दौड प्रतियोगितामा चन्द्रागिरि प्रथम

काठमाडौं, १४ असोज/रासस

चन्द्रागिरि नगरपालिकाले 'अन्तरनगरपालिका राष्ट्रिय क्रस कन्ट्री दौड प्रतियोगिता' अन्तर्गत पाँच किमी जुनियर पुरुष टीममा पहिलो स्थान प्राप्त गर्न सफल भएको छ।



तस्वीरः सौजन्य

सोही प्रतियोगिताको १० किमी सिनियर महिला टीमतर्फ चन्द्रागिरिले दोस्रो स्थान हासिल गरेको छ। शनिवार एथलेटिक्स परिवार नेपालको आयोजना तथा चन्द्रागिरि नगरपालिकाको सहआयोजनामा पहिलोपटक सञ्चालित प्रतियोगितामा विभिन्न ४० नगरपालिकाको सहभागिता थियो। जुनियर टीममा १५० जना तथा सिनियर टीममा ९८ जनाको सहभागिता रहेको आयोजकले जनाएको छ।

उक्त प्रतियोगितामा पाँच किमी महिला जुनियर व्यक्तिगततर्फ तारकेश्वर नगरपालिकाकी अस्मिता भुजेल प्रथम र पाँच किमी महिला जुनियर व्यक्तिगततर्फ पोखरा महानगरपालिकाका कृषबहादुर परियार प्रथम भएका थिए।

त्यस्तै, १० किमी महिला सिनियर व्यक्तिगततर्फ चन्दननाथ नगरपालिकाकी पूर्णलक्ष्मी न्यौपाने प्रथम र १० किमी पुरुष व्यक्तिगततर्फ हलेसी नगरपालिकाका गजेन्द्र राई प्रथम भएका थिए। अत्यन्तै रोचक प्रतिस्पर्धात्मक १० किमी सिनियर टीम महिलातर्फ भोजपुर नगरपालिका प्रथम, चन्द्रागिरि नगरपालिका द्वितीय भएको थियो भने १० किमी पुरुषतर्फ हलेसी नगरपालिका प्रथम भएको थियो। पाँच किमी जुनियर टीम महिलातर्फ भोजपुर नगरपालिका प्रथम र पाँच किमी पुरुषतर्फ चन्द्रागिरि नगरपालिका प्रथम भएको थियो।

## स्तनपानः बालबालिकालाई वरदान

**आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ।**

त्यसैले,

- स्वास्थ्यकर्मीहरूले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिश गर्नुहुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानीजस्ता वस्तुको प्रवर्द्धन गर्नुहुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनुहुँदैन।

**त्यस्तो कार्य गरेको पाइएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारबाई हुनेछ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

### ज्येष्ठ नागरिकलाई ...

डा नीरज सिंह, डा राधा भट्टराई, डा अभिषेक अर्याल र डा सुमन प्रसादले ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरेका र उनीहरूलाई स्वस्थ रहनका लागि खानपिन, नियमित व्यायाम, स्वास्थ्य परीक्षणलगायतका विषयमा सल्लाह दिएका थिए।

कार्यक्रम सङ्घका शाखा अध्यक्ष श्यामकुमार पोखरेलको अध्यक्षतामा भएको थियो भने मधेस प्रदेश संयोजक जगदीशप्रसाद शर्मा, संस्थापक अध्यक्ष पशुपति विक्रम शाह, उपाध्यक्ष बैधनाथ कोइरी, रमेश दत्त, आत्माराम साह, उषा शाह, बिन्दु शर्मा, आशा गौतमलगायतको सहभागिता थियो।

कार्यक्रमको सहजीकरण सचिव गौतमले गरेका थिए।

### पर्सामा ६५ स्थानबाट ...

असुरक्षित गर्भपतनलाई सामान्यरूपमा लिएर बेवास्ता गरिए पनि यसले विकराल समस्या निम्तिन सक्ने चेतावनी दिए। सुरक्षित गर्भपतनको दायराभित्र सबैलाई ल्याउनुपर्ने र यसमा युवाहरूको योगदान रहने बताए।

युवा संस्थाकी भूमिका साहले सुरक्षित गर्भपतन सेवा र जानकारीलाई प्रवर्द्धन गर्दै सर्वसाधारणका निम्ति सेवामा थप पहुँच बनाउने उद्देश्यले छलफल आयोजना गरिएको बताइन्।

कार्यक्रमको सहजीकरण सुप्रिया साहले गरेकी थिइन्।

कार्यक्रममा युवा संस्थाले अन्तरविद्यालय निबन्ध प्रतियोगिताका विजेता विद्यार्थीहरूलाई पुरस्कृत गरेको थियो। सुरक्षित गर्भपतनको विषयमा आयोजित निबन्ध प्रतियोगितामा ममता विद्यामन्दिरका अनिल यादव प्रथम, मिनील्यान्ड माविकी एलिजा कुमारी द्वितीय र ममता विद्यामन्दिरकी दक्षता चौधरी तृतीय भएका थिए।

कार्यक्रममा कञ्चनजङ्घा माविका विद्यार्थीले असुरक्षित गर्भपतनबाट हुन सक्ने खतरा र त्यसले निम्त्याउने कानूनी जटिलताका विषयमा नाटक प्रस्तुत गरेका थिए।